जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९   स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५   अंक २०६   २०८२ साल चैत ६ गते शुक्रबार (20 Mar 2026 Friday)   मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : दलित समुदाय भन्छन्, ... ३ पृष्ठमा : कोशीका अस्पतालमा रगतको ... ३ पृष्ठमा : ऊर्जा संरचनामाथि आक्रमणले ...

## आठ महिनाको अवधीमा पोखरीमा र खाडलमा डुबेर १७ जनाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ५ चैत ।**

सप्तरीमा चालु आ.ब. २०८२/८३ को फागुन महिनासम्म आठ महिनाको अवधीमा जिल्लामा पोखरीमा र खाडलमा डुबेर १७ जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीको तथ्याङ्क अनुसार पोखरीमा र खाडलमा डुबेर ५ पुरुष, २ महिला, ६ बालक र ४ बालिकासहित १७ जनाको मृत्यु भएको हो ।



प्रहरीका अनुसार गत आ.ब. २०८१/०८२ मा जिल्लामा ३४ जनाको पोखरी, नदी र खोलमा डुबेर मृत्यु भएको थियो । मृत्यु हुनेमा १३ पुरुष, १ महिला, १४ बालक र ६ बालिका थिए ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक डम्बर बहादुर पुरीले तराई मधेशमा पोखरी, नदी, नाला, खोला, नहर र खाल्डोमा डुबेर मृत्यु हुने गरेको पाइएको बताए ।

बालबालिका पोखरीमा गएर नुहाउनु, माछा मार्नु, वर्षाका बेला जथाभावी बाहिर खेल्न जानु लगायतका कारणले वर्षेनी डुबेर मृत्यु हुने गरेको भन्दै यसतर्फ अभिभावक समेतले निगरानी राख्न जरुरी रहेको उनको भनाई छ । उनले यस्ता घटना रोक्न प्रहरीले बेला बेलामा सचेतना कार्यक्रम संचालन गरिरहेको समेत जानकारी दिए ।

बालबालिकाले पोखरी, नदी, खोला र खाल्टोको गहराईको हेक्का राख्न नसक्दा डुब्ने गरेको भन्दै यहाँका नागरिक अगुवाहरुले यसतर्फ प्रहरीको प्रयाससँगै अभिभावक पनि जागरुक भई निगरानी राख्नु पर्ने सुझाव दिएका छन् ।

दुई साता यता सदरमुकाम राजविराजस्थित तुरन्ती र कलटुदास पोखरीमा गरी दुई जनाको डुबेर ज्यान गएको छ ।

यसरी डुबेर मृत्यु हुनेमा राजविराज ६ का १८ वर्षिय अंगद मेहतर तथा राजविराज ४ का २५ बर्षीय गजेन्द्र दास छन् । मेहतरको शौचका क्रममा चिप्लिएर तथा गजेन्द्र दासको माछा मार्ने क्रममा डुबेर मृत्यु भएको हो ।

## कांग्रेस सभापति थापाद्वारा राजीनामा

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ चैत ।**

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले राजीनामा दिएका छन् । उनले बुधबार पदबाट राजीनामा दिएको पार्टी कार्यालयले जनाएको छ ।

गत माघ १ गते सम्पन्न कांग्रेसको विशेष महाधिवेशनबाट उनी सभापतिमा सर्वसम्मत निर्वाचित भएका थिए ।

यसैबीच, कांग्रेसले केन्द्रीय कार्यसमिति बैठक शुक्रबारका निम्ति आह्वान गरेको छ ।

## लागुऔषधसहित विभिन्न स्थानबाट १५ जना पक्राउ

काठमाडौं, ५ चैत (रासस) ।

नियमित गस्तीमा रहेको प्रहरी टोलीले लागुऔषधसहित विभिन्न स्थानबाट १५ जनालाई पक्राउ गरेको छ ।

केन्द्रीय प्रहरी समाचारकक्षका अनुसार झापा, बारा, महोत्तरी, चितवन र कञ्चनपुरबाट उनीहरू गत मङ्गलबार र बुधबार पक्राउ परेका हुन् ।

भरतपुर महानगरपालिका-१ पोखरा बसपार्कबाट चिकित्सकको सिफारिसमा मात्र खरिदबिक्री गर्न पाइने औषधिसहित एक जना, भद्रपुर नगरपालिका-६ बाट खैरो हेरोइनसहित सात जना, बाराको जितपुरसिमरा उपमहानगरपालिका-३ लल्का पुल नजिकबाट नौ किलो गाँजासहित दुई जना, महोत्तरीको बर्दिबास नगरपालिका-३ बाट खैरो हेरोइनसहित चार जना र कञ्चनपुरको बेलौरी नगरपालिका-१० घाँटबाट एक जनालाई पक्राउ गरिएको हो ।

## समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित सांसदलाई प्रमाणपत्र वितरण

**दैनिक समाचारदाता**
**काठमाडौं, ५ चैत ।**

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित ११० जना सांसदलाई प्रमाणपत्र वितरण गरिएको छ ।

निर्वाचन आयोगले बिहीबार केन्द्रीय कार्यालय बहादुर भवनमा आयोजना गरेको कार्यक्रममा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयुक्तद्वय डा जानकीकुमारी तुलाधर र सगुनशमशेर जबराले टीका एवं फूलमालाले स्वागत गरेका थिए ।

आयोगका सचिव एवं समानुपातिक प्रणालीतर्फका निर्वाचन अधिकृत कृष्णबहादुर राउतले प्रमाणपत्र वितरण गरेका हुन् । समानुपातिक निर्वाचनतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट ५७ सांसद निर्वाचित भएका छन् ।

यसैगरी नेपाली कांग्रेसबाट २०, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिवादी) बाट १६, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) बाट ९, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट चार/चारजना सांसद निर्वाचित भएको आयोगले चैत २ गते सोमबार नै घोषणा गरिसकेको थियो ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ रास्वपा १२५, कांग्रेस १८, एमाले ९, नेकपा ८, श्रम संस्कृति पार्टी ३, राप्रपा र स्वतन्त्र १/१ स्थानमा निर्वाचित भएका छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० गरी प्रतिनिधिसभामा कुल २७५ जना सांसद निर्वाचित हुने संवैधानिक व्यवस्था रहेको छ ।

## जनकपुर स्वच्छता अभियान सञ्चालन गरिने

जनकपुर, ५ चैत (रासस) ।

धार्मिक तथा एतिहासीक महत्त्व बोकेको जनकपुरधामलाई स्वच्छ, सुन्दर र सफा सहर बनाउने अभियान सुरु गरिने भएको छ ।

जनकपुरधाममा मधेश प्रदेशका गृह, सञ्चार तथा कानुन मन्त्रालयले बुधबार आयोजना गरेको सर्वपक्षीय बैठकबाट हिन्दूहरूको आस्थाको केन्द्रको रूपमा रहेका यहाँका ऐतिहासिक तथा धार्मिक सम्पदाको संरक्षणका लागि अभियान सञ्चालन गर्ने निर्णय भएको हो ।

धार्मिक क्षेत्रमा भएको अतिक्रमण हटाउने, फोहर व्यवस्थापन गर्ने, सरसफाइमा जोड दिने तथा ट्राफिक व्यवस्थापनमा तीनै तहका सरकारका समन्वय गरी स्वच्छता अभियान सुरु गर्ने निर्णयसमेत भएको छ ।

बैठकमा मधेस प्रदेश गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले मधेस प्रदेशको राजधानी जनकपुरधामलाई विश्वका पर्यटकको लागि आकर्षकको केन्द्र बनाउने कार्ययोजनासहित रणनीति सर्वपक्षीय बैठकमा पेस गर्नुभएको थियो ।

उहाँले जनकपुरधामको मठमन्दिर, धर्मशाला र पोखरी संरक्षणसहित सडक सरसफाइ, ट्राफिक व्यवस्थापन, ई-रिक्साको व्यवस्थापन, हरियाली प्रवर्द्धन तथा नगरको शौन्दर्यीकरणका लागि कार्ययोजना पेस गर्नभएको थियो ।

कार्यक्रममा मधेस प्रदेशका श्रम तथा यातायातमन्त्री मनिष सुमनले मधेस प्रदेशका जिल्लामा करिब ८४ हजारको सङ्ख्यामा ई-रिक्सा रहेको बताउँदै ई-रिक्सालाई व्यवस्थित गर्नका लागि कानुन निर्माणको तयारी मन्त्रालयमा भइरहेको जानकारी दिनुभयो । उहाँले मधेशमा जनचेतनाको अभाव भएका कारण आफ्नो घरको फोहर सही तवरले व्यवस्थापन गर्न नसकेको कारणले नगर अव्यवस्थित बन्न नसकेको बताउनुभयो ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जनकपुरधाममा बढ्दो जनसङ्ख्या र बाहिरबाट आउने तीर्थयात्रीको सङ्ख्या तथा सहरी क्षेत्रको बढ्दो चाँपका कारणले नगरको व्यवस्थापनका चुनौती देखिएको बताउँदै नगर प्रहरीको सङ्ख्या बढाउन सुझाव दिनुभयो ।

## मुआब्जा विवादले रेल्वेको काम रोकियो

महोत्तरी, ५ चैत (रासस) ।

मुआब्जा विवादले पूर्व-पश्चिम रेल्वेको काम रोकिएको छ । बर्दिबास नगरपालिका क्षेत्रमा १४जनाको मुआब्जा विवादले काम रोकिएको हो ।

भारत सरकारको सहयोगमा भारतको जयनगरदेखि महोत्तरी जिल्लाको भङ्गाहा नगरपालिकास्थित रेल्वे स्टेशनसम्म रेल सञ्चालनमा आइसकेको छ तर मुआब्जा नदिँदा भङ्गहाबाट बर्दिबाससम्मको काम रोकिएको छ ।

चौध जनालाई रु सातदेखि आठ करोड मुआब्जा तिर्न बाँकी छ । विभागले रकम निकासका निम्ति भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग अनुरोध गरेको जनाएको छ ।

बर्दिबासका पीडितहरूले मुआब्जाका लागि पटकपटक रेल विभागमा धाइराखे पनि मुआब्जा नपाउँदा उनीहरूले यसअघि धेरै पटक काम रोक्ने चेतावनी दिए पनि रेल्वेले सुनुवाई नगरेपछि अन्ततः पीडितहरूले बर्दिबासमा रेल्वे मार्गको निर्माण कार्य रोकेका छन् ।

**स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं ।**

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विपदको पूर्व तयारीमा जुटौं

फागुनदेखी बैशाख महिनासम्म हावाहुरी चल्ने मौसम हो । यस्तो बेलामा आगलागिका घटनाहरु निकै हुने गरेको विगतका तथ्याङ्ले देखाएको छ । यस्तो अवस्थामा सबैले सतर्कता अपनाउनु जरुरी छ । प्रत्येक वर्ष यस्ता घटनाहरुबाट करोडौं मुल्य बराबरको क्षति हुनुका साथै मानविय क्षति पनि हुने गरेको पाइएको छ । सुख्खा मौसम तथा हावाहुरीको समय बाहेक पनि यस्ता आगलागिका घटना हुने गरेको प्रसस्त उदाहरणहरु छन् ।

जिल्ला अन्य पनि विपदका घटनाहरु हुन्छन् तर त्यस मध्ये एक प्रमुख आगलागिका घटना पनि हो । विपदका लागि सबै पालिकाले हरेक वर्ष पूर्वतयारी गरेको देखिन्छ र बजेट पनि छुट्याएको हुन्छ । विपद पूर्व तयारी कसलाई भन्ने विषयप्रति पनि हामी गम्भिर हुनु जरुरी छ । हामी जहिले पनि विपदको सामना गर्न तयारी अवस्थामा रहेको प्रचारबाजी गर्छौं, तर विपत् आयो भने त्यो सबै तयारी शुन्य हुनपुग्छ । सबै हतास र निरास हुन पुग्छन् । मात्र हचुवाको तालमा प्रचारबाजी गरेर मिडियामा हालेर जनतालाई आश्वासन दिने काम मात्र हुने गरेको देखिन्छ । आगलागि भएपछी अग्निपीडितको पीडामा मलहम लगाउन सबै अग्रसर हुन्छौं । तर, यसबाट बच्ने उपायहरु बारे जानकारी गराउँदा गराउँदै पनि यस्तो घटना हुनुमा को कहाँबाट चुकेका छौं ? त्यो पनि मनन् गर्नु जरुरी छ ।

अहिले देखी नै त्यस्ता घटनाहरुबारे सचेत र सजग रहन अग्रसर हुनुपर्छ । विपद् भनेको कसैले रोकेर वा भनेर आउने होइन् । प्रकृतिक प्रकोपलाई हामी सक्दो नियन्त्रण वा त्यसबाट हुन सक्ने क्षतिलाई न्युन गर्न मात्र प्रयास गर्न सक्छौं । तसर्थ यसका लागि एउटा बलियो संयन्त्र तयार पारी तीनै तहका सरकारले अग्रणी भूमिका निर्वाह गर्न अत्यन्त जरुरी छ ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# दलित समुदाय भन्छन्, 'एफएओको परियोजनाले विभेदविरुद्ध उभिन सिकाएको छ'

काठमाडौँ, ५ चैत (रासस) ।

उहाँको चाहना होटल व्यवसाय गरेर उद्यमी बन्ने थियो । त्यसैअनुसार समय, ऊर्जा र लगानीसमेत लगाएर गाउँमै रिसोर्ट खोल्नुभयो । मेहनत गरेअनुसार होटल व्यवसाय पहिलो यादै गयो पनि । तर, त्यो सफलतामा धेरै समय टिक्न सकेन । धादिङ घर भएका कमल मिजारले भावुक हुँदै भन्नुभयो, "म दलित भएकै कारण होटल व्यवसाय चलाउन दिइएन, मेरो ग्राहक बोलाउँदै यो दलितको होटल हो नजान भन्दै कुरा सिके । अनि यहाँसम्मकी डर त्रास देखाउँदै होटलका सिसासमेत फुटाए ।" विभेदको चपेटामा परेर उहाँले पेसा नै परिवर्तन गर्न बाध्य भई अहिले कृषि सहकारीमा आबद्ध भएको बताउनुभयो ।

अन्तरराष्ट्रिय जातीय उन्मुलन दिवस (२१ मार्च) का सन्दर्भमा बुधबार ललितपुरमा संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठन(एफएओ) नेपालले कृषि खाद्यमा दलितको अवस्थाबारे अन्तरक्रिया कार्यक्रम गरेको थियो । यसै कार्यक्रममा मिजारले जातीय विभेदको अनुभव सुनाउनुभएको थियो । उहाँका अनुसार दलित समुदायले जातकै कारण रोजेर स्वतन्त्र रूपमा व्यवसाय गर्न अझै पनि चुनौती खेप्नुपर्ने अवस्था दर्शाउनुभयो । एउटा व्यवसायमा विभेद खेपेर कृषि सहकारीमा लाग्नुभएको उहाँले एफएओको परियोजनाले उदेश्य पूरा गर्न सहयोग पुगेको बताउनुभयो । उहाँ धुलिखेलस्थित छोटा डाँडा कृषि सहकारीको अध्यक्ष हुनुहुन्छ । जसमा अधिकांश सदस्य दलित समुदायका छन् । सहकारीले राम्रो व्यवसाय गर्न थालेपछि गैरदलित समुदायलेसमेत आकर्षित हुने गरेको उहाँले सुनाउनुभयो । "तर, पनि विभेद हटेको छैन", उहाँले भन्नुभयो, "केही गैरदलित समुदाय सहकारीका कार्यक्रममा आउनहुन्छ, तर, खुलेर खाजा सँगै खान हिचकिचाउनुहुन्छ ।" यद्यपि सहकारी सम्म आएर कुरा सुन्नु पनि एकप्रकारको सकारात्मक परिवर्तन आएको मिजारले बताउनुभयो । उहाँले एफएओको परियोजनाको साथले विभेदविरुद्ध उभिन हिम्मत दिएको बताउनुभयो ।

त्यस्तै, धादिङ गल्छीका विमला मजाकोटी रम्तेलले एफएओको परियोजनाबाट समाजमा विभेद न्यूनीकरणमा टेवा पुगेको अनुभव सुनाउनुभयो । बाखापालन व्यवसाय गर्दै दलित समुदाय र गैरदलित समुदाय बीचका अन्तरघुलन समाज निर्माण गर्न सफल भएको उहाँले सुनाउनुभयो । आफूले विगतमा जति विभेद खेप्नुपर्थ्यो परियोजनाको सहयोगले समाजमा सम्मानपूर्वक काम गर्ने अवसर सिर्जना भएको उहाँले बताउनुभयो । यद्यपि परियोजना सकिएलगत्तै समाजमा विभेद पनि सुरु हुने हो कि भन्ने चिन्ताले भने उहाँलाई सताएको छ । उहाँ भन्नुहुन्छ, "पहिलाको तुलनामा विभेद कम छ तर, एफएओको परियोजना पूरा भएपछि विभेदको अन्त्य होला त ? चिन्ता लागेको छ ।"

कार्यक्रममा दलित समुदाय, कृषि खाद्य अधिकारका विषयमा नेपाल सरकारका पूर्वसचिव मानबहादुर विकले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । जसअनुसार भूमिहीन दलित समुदाय खाद्यको अधिकारबाट वञ्चित भएको प्रष्ट पार्नुभयो ।

सरकारी र गैरसरकारी तथ्याङ्कलाई प्रस्तुत गर्दै उहाँले गरिबी घटे पनि विभेद नघटेको धारणा राख्नुभयो । "वर्षको ५७ हजार मात्रै कमाउने ठूलो सङ्ख्यामा दलित समुदायका छन्", उहाँले भन्नुभयो, "तराईका दलितको स्थीति झनै नाजुक छ ।" उहाँले तथ्याङ्क प्रस्तुत गर्दै १६ प्रतिशत घरधुरी खानै नपाउने अवस्थामा रहेको उल्लेख गर्नुभयो ।

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्माका अनुसार दलित समुदाय इतिहासकालदेखि नै खोसिएको जमिन पाएका छैनन् । ती समुदायलाई जमिन नदिएसम्म खाद्यको पहुँच सम्भव नहुने उहाँको धारणा थियो । आयोगले बारम्बार सरकारलाई दलितको जमिन, खाद्य र मानव अधिकारका आधार सिर्जना गर्ने वातावरण मिलाउन भन्दै पटकपटक ध्यानकर्षण गराउँदै आएको उहाँले सुनाउनुभयो । उहाँले भन्नुभयो, "तर, सरकार दलितका कुरा सुन्नै तयार छैन ।"

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा जानुका पण्डितले दलित समुदायको अवस्था अरु समुदायकोभन्दा निकै नाजुक भएको स्वीकार गर्दै मन्त्रालयले सिमान्तकृत समुदायको कृषिकको विकासमा टेवा पुग्ने कार्यक्रम परिचालन गरेको बताउनुभयो ।

दलित महिला सङ्घ(फेडो) का अध्यक्ष कला स्वर्णकारले कृषिमा दलित समुदायका महिलाको अझै बढी योगदान भए पनि उनीहरू नै खाद्यमाथिको अधिकारबाट वञ्चित हुनुपरेको बताउनुभयो । आदिवासी जनजाति विकास प्रतिष्ठानका उपाध्यक्ष रेशम गुरुङले समाजको कलङ्क विभेदकारी सोंच हटाउन सबै समुदायको समान दायित्व रहेकाले छलफल र विचार विमर्श गर्न जरुरी रहेको बताउनुभयो ।

एफएओ नेपालका सहायक प्रतिनिधि अमण जिसीले कृषि खाद्यमा समान पहुँच स्थापित गर्न आवश्यक रहेको मनन गर्दै सरोकारवालासँग निरन्तर छलफलमा जोड दिएको बताउनुभयो ।

कार्यक्रम दोस्रो चरणमा दलित समुदाय र कृषि खाद्य अधिकारका विषयमा राज्यका प्रतिनिधि, निजीक्षेत्र, नागरिक समाज र मानवअधिकारका सरोकारवालामाझ ग्रुमपा छलफल गरिएको थियो । राष्ट्रिय दलित आयोगका सदस्य मीना देवी सोव, अधिवक्ता चक्रमान विश्कर्मा, लेखक एवं दलित अभियन्ता सुशील विक, फेडोका प्रोग्राम म्यानेजर सरिता ब्रम साखा, अपाङ्गता भएका दलित समुदाय अधिकारकर्मी पम्फा पुरकोटीबीच छलफल भएको थियो । ग्रुपमा छलफललाई लेखक जेबी विश्वकर्माले मध्यस्तकर्ताको भूमिका निर्वाह गर्नुभएको थियो ।

# संविधानको धारा ७६ (१) अनुसारको सरकार गठन हुँदै

काठमाडौँ, ५ चैत (रासस) ।

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको अन्तिम मतपरिणाम आइसकेको छ । निर्वाचन आयोगले बिहीबार राष्ट्रपति रामचन्द्र पौडेललाई निर्वाचनको मतपरिणामसहितको प्रतिवेदन बुझाउँदै छ ।

निर्वाचन परिणामसहितको प्रतिवेदन राष्ट्रपतिलाई बुझाएसँगै मुलुक नयाँ सरकार गठनको प्रक्रियामा अघि बढ्नेछ । पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) तर्फ १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० गरी कुल २७५ सदस्यीय प्रतिनिधिसभामा करिब दुई तिहाइ (१८२ सांसद) सांसद राष्ट्रिय स्वतन्त्र पार्टीबाट विजयी हुनुभएको छ ।

रास्वपाबाट प्रत्यक्षतर्फ १२५ र समानुपातिकतर्फ ५७ सांसद निर्वाचित हुनुभएको छ । नेपाली कांग्रेसबाट ३८, नेपाल कम्युनिष्ट पार्टी (एमाले)बाट २५, नेपाली कम्युनिष्ट पार्टीबाट १७, श्रम संस्कृति पार्टीबाट सात र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट पाँच तथा एक स्वतन्त्र सांसद निर्वाचित हुनुभएको छ ।

नेपालको संविधानको धारा, ७६ मा मन्त्रिपरिषद्को गठनसम्बन्धी व्यवस्था छ । धारा, ७६ को उपधारा (१) मा 'राष्ट्रपतिले प्रतिनिधिसभामा बहुमत प्राप्त संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ,' भन्ने उल्लेख छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी वरिष्ठ नेता बालेन्द्र साहलाई प्रधानमन्त्रीका रूपमा अघि सारेर निर्वाचनमा होमिएको थियो । प्रधानमन्त्रीमा नियुक्त हुन प्रतिनिधिसभा सदस्य र संसदीय दलको नेता हुनुपर्ने संवैधानिक बाध्यता छ । वरिष्ठ नेता शाहलाई संसदीय दलको नेताका अघि सार्ने रास्वपाको तयारी छ ।

रास्वपा एक्लैका तर्फबाट संसद्मा झन्डै दुई तिहाइ सांसद रहेकाले संविधानको धारा, ७६ (१) अनुसार संसदीय दलको नेता प्रधानमन्त्रीमा नियुक्त हुने कानुनविद्को भनाइ छ ।

प्रतिनिधिसभाका ज्येष्ठ सदस्यले राष्ट्रपतिसमक्ष शपथ लिने र ज्येष्ठ सदस्यले सांसदहरूलाई शपथ गराउने कानुनी व्यवस्था छ ।

"सांसदको शपथपछि संसदीय दलको नेता चयन हुने र त्यसपछि संसद्मा बहुमत प्राप्त संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीका रूपमा नियुक्त गर्ने संवैधानिक व्यवस्था हो", संवैधानिक कानुनका ज्ञाता डा खिमलाल देवकोटाले राससँग भन्नुभयो, "त्यसपछि प्रधानमन्त्रीले मन्त्रिपरिषद् विस्तार गर्नुहुन्छ ।"

नेपालको संविधान जारी भएपछि पहिलोपटक धारा ७६ को उपधारा (१) अन्तर्गत एकल बमुहमत प्राप्त दलको संसदीय दलको नेता प्रधानमन्त्री नियुक्ति हुन लागेको हो ।

"एकै दलको बहुमत नआएको अवस्थामा धारा ७६ (२) अनुसार दुई वा दुईभन्दा बढी दलको संयुक्त सरकार गठन हुने प्रयोजनका लागि राष्ट्रपतिले आह्वान गर्ने हो", डा देवकोटाले भन्नुभयो, "अहिले त्यो अवस्थामा जानु परेन, राष्ट्रपतिले ७६ (१) अनुसार बहुमत प्राप्त संसदीय दलका नेतालाई प्रधानमन्त्रीमा नियुक्त गर्ने हो ।"

सङ्घीय संसद् सचिवालयले यही चैत १२ गते नवनिर्वाचित सांसदहरूलाई पद तथा गोपनीयताको शपथ गराउने तयारी गरेको छ । संसद् सचिवालयले बिहीबारै छवटा राजनीतिक दलका प्रतिनिधिसँग अनौपचारिक छलफल गर्दैछ । छलफलमा सांसदको शपथ, अभिमुखीकरण, संसदीय दलका बारेमा कुराकानी हुनेछ ।

निर्वाचनको नतिजा प्रकाशन भएको सात दिनभित्र राष्ट्रपतिसमक्ष निर्वाचन आयोगले प्रतिवेदन पेस गर्ने व्यवस्था छ । आयोगले बिहीबार समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित ११० सांसदलाई निर्वाचित भएको प्रमाणपत्र प्रदान गरेको छ ।

निर्वाचन सम्पन्न भएको ३० दिनभित्र राष्ट्रपतिले प्रतिनिधिसभाको अधिवेशन आह्वान गर्नुपर्ने कानुनी व्यवस्था रहेको डा देवकोटाले बताउनुभयो । संविधानको धारा, ९३ (१) मा निर्वाचनको अन्तिम परिणाम घोषणा भएको एक महिनाभित्र राष्ट्रपतिले सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ ।

उपधारा (१)मा लेखिएको छ, 'राष्ट्रपतिले प्रतिनिधिसभाका लागि भएको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र सङ्घीय संसद्को अधिवेशन आह्वान गर्नेछ । त्यसपछि यस संविधानबमोजिम राष्ट्रपतिले समयसमयमा दुबै वा कुनै सदनको अधिवेशन आह्वान गर्नेछ ।"

संसद्को पहिलो बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्ने र सात दिनभित्र सभामुख र उपसभामुखको निर्वाचन प्रक्रिया अघि बढ्नेछ । अबको संसद् बैठक सिंहदरबारस्थित निर्माणाधीन नयाँ संसद् भवनमा बस्नेछ ।

# कोशीका अस्पतालमा रगतको अभाव : सामाजिक सञ्जालबाट रक्तदाता खोज्दै

**जुनु भट्टराई**
विराटनगर, ५ चैत (रासस)।

मोरङको सुन्दरहरैचाका ५२ वर्षीय रमेश थापालाई आफन्तको आकस्मिक शल्यक्रियाका लागि ‘एबी पोजेटिभ’ रगत अत्यावश्यक थियो। चिकित्सकले तत्काल रगतको खोजी गर्न भने। सोही अनुसार रक्तसञ्चार केन्द्रमा सम्पर्क गर्दा त्यहाँ मौज्दात नभएपछि उहाँ रक्तदाताको खोजीमा भौँतारिनुभयो।

“चिकित्सकले तुरुन्तै रगत चाहिन्छ भन्नुभयो, तर रक्तसञ्चार सेवा केन्द्रमा रगत अभाव छ भन्ने जानकारी पाएँ”, थापाले भन्नुभयो, “त्यसपछि हामीले सामाजिक सञ्जाल फेसबुकमा रगतको व्यवस्थापनका लागि सन्देश हाल्यौँ, साथीभाइलाई फोन गर्‍यौँ, तर समयमा रगत पाउन निकै गाह्रो भयो। उक्त समयमा हामीलाई सबैभन्दा ठूलो डर बिरामीको ज्यानको हुने रहेछ। रगत खोज्दै दौडधुप गर्दा निकै तनाव भयो।”

कोशी अस्पतालमा उपचारका लागि आउनुभएका अर्का एक बिरामीका आफन्तले पनि यस्तै समस्या सुनाउनुभयो। “अस्पतालमा रगतको व्यवस्था होला भन्ने सोचेका थियौँ”, उहाँले भन्नुभयो, “तर अन्तिममा आफैँले खोज्नुपर्दा निकै अप्ठ्यारो भयो। यस्तो अवस्थामा बिरामीको परिवार झन् मानसिक दबाबमा पर्ने रहेछ।”

रमेशको जस्तै अवस्था अहिले कोशी प्रदेशका प्रमुख अस्पतालहरूमा उपचार गराइरहेका सयौँ बिरामीका परिवारले भोगिरहेका छन्। आकस्मिक उपचारका लागि आवश्यक रगत सहज रूपमा उपलब्ध नहुँदा बिरामीका आफन्त आफैँ रक्तदाता खोज्न बाध्य छन्।

रगत अभावको समस्या पछिल्लो समय झन् गम्भीर बन्दै गएको छ। आकस्मिक शल्यक्रिया, दुर्घटना तथा प्रसूतिजस्ता अवस्थामा तत्काल रगत आवश्यक पर्ने हुँदा समयमा उपलब्ध नहुँदा बिरामीको ज्यान जोखिममा पर्ने चिकित्सकहरू बताउँछन्।

कोशी प्रदेशका सरकारी तथा निजी अस्पतालमा आवश्यक परिमाणमा रगत उपलब्ध नहुँदा आकस्मिक अवस्थामा बिरामीका आफन्त आफैँ रक्तदाता खोज्न सडक र ‘फेसबुक’का भित्ताहरूमा निस्कनुपर्ने अवस्था दिनप्रतिदिन बढ्दै गएको छ। रगत व्यवस्थापनको यो चुनौती अहिले गम्भीर समस्याका रूपमा देखिएको हाम्रो अस्पताल विराटनगरका सञ्चालकसमेत रहनुभएका निजी अस्पताल एसोसिएसन (अफिन) का अध्यक्ष डा शङ्करप्रसाद अधिकारीले बताउनुभयो।

उहाँका अनुसार रक्तसञ्चार सेवा केन्द्रहरूमा रगतको पर्याप्त भण्डारण (स्टोरेज) नहुँदा अस्पतालहरूले आकस्मिक बाहेकका बिरामीका आफन्तलाई आफैँ रगत व्यवस्थापन गर्न वा साट्न (एक्सचेन्ज) आग्रह गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको हो।

“अहिलेको अवस्थामा अस्पतालहरूले ‘सब्स्टिच्युट’ वा साटासाटको अवधारणा अपनाउनुपरेको छ”, डा अधिकारीले भन्नुभयो, “यदि बिरामीलाई चाहिएको निश्चित समूहको रगत उपलब्ध छैन भने, अर्को कुनै पनि समूहको रगत दिएर साट्न सकिने व्यवस्था मिलाइएको छ ताकि रगतकै अभावमा उपचार नरोकिने वातावरण बनोस्।”

बिरामीका आफन्तले रगत व्यवस्थापन गर्दा अस्पताल व्यवस्थापनलाई केही सहजता भए पनि सडक दुर्घटना (आरटिए) जस्ता तत्काल रगत चाहिने आकस्मिक अवस्थामा भने अझै पनि ठूलो जोखिम र चुनौती कायम रहेको उहाँको बुझाइ छ।

क्षेत्रीय स्तरमा रगतको केन्द्रीकृत व्यवस्थापन (सेन्ट्रलाइज्ड म्यानेजमेन्ट) हुनुपर्नेमा डा अधिकारीले जोड दिनुभयो। धेरैजसो साना अस्पतालहरूमा आफ्नै ‘ब्लड बैङ्क’ नहुने र उनीहरू रेडक्रस, नोबेल वा विराटनगरका ठूला संस्थामा निर्भर रहनुपर्ने बाध्यता छ। “सबै साना अस्पतालमा ब्लड बैङ्क राख्दा रगत खपत नभए खेर जाने जोखिम रहन्छ”, उहाँले भन्नुभयो, “त्यसैले एउटै बलियो र केन्द्रीकृत व्यवस्थापन बढी प्रभावकारी हुन्छ।”

विराटनगरस्थित प्रदेशको सबैभन्दा ठूलो सरकारी अस्पताल कोशी अस्पतालमा बिरामीको चापसँगै उपचारमा आउनेले दैनिक रगतको अभावको समस्या भोग्नु परेको स्त्री तथा प्रसूति रोग विभागकी प्रमुख डा अन्जु देवले जानकारी दिनुभयो। प्रसूति र सर्जरी सेवा अत्यन्तै आपत्कालीन हुने भएकाले रगत अभाव हुँदा यो विभाग सबैभन्दा बढी समस्यामा पर्ने गरेको उहाँको भनाइ छ।

“हामीकहाँ प्रसूति र शल्यक्रियाका बिरामीमा रगतको अत्यधिक आवश्यकता हुन्छ”, डा देवले भन्नुभयो, “तर अभावका कारण कतिपय अवस्थामा बिरामी भर्ना गर्नुअघि एक पोका रगतको व्यवस्था गर्न लगाउनुपर्ने बाध्यता छ।” उहाँका अनुसार अस्पतालको आफ्नै ब्लड बैङ्क नहुँदा रेडक्रसमा निर्भर हुनुपर्ने अवस्था छ।

“कहिलेकाहीँ निजी अस्पतालहरूले आफ्ना बिरामीलाई प्राथमिकता दिँदा आर्थिक अवस्था कमजोर भएका, पहुँच कम भएका बिरामी मारमा पर्छन्”, उहाँले भन्नुभयो। डा देवले प्रसूति सेवालाई अत्यन्तै संवेदनशील र आकस्मिक सेवा मानिने उल्लेख गर्दै रगतको व्यवस्था समयमै हुन नसके आमा र बच्चा दुवैको ज्यान जोखिममा पर्नसक्ने अवस्था पनि आउने बताउनुभयो।

प्रादेशिक रक्तसञ्चार सेवा विराटनगरका प्रमुख एवं रक्तसञ्चार सेवा अधिकृत शिवानन्द यादवका अनुसार कोशी प्रदेशमा दैनिक करिब ९०० देखि एक हजार युनिटसम्म रगतको माग हुने गरेको छ। विशेषगरी मोरङ जिल्लाका अस्पतालहरूमा रगतको माग अत्यधिक हुने गरेको उहाँको भनाइ छ।

“प्रदेशकै जेठो र ठूलो सरकारी अस्पताल कोशी अस्पतालमा टाढाका जिल्लाहरू र छिमेकी भारतीय सहरबाट समेत बिरामी उपचारका लागि आउने भएकाले यहाँ रगतको माग अत्यधिक देखिन्छ”, यादवले भन्नुभयो, “त्यसमाथि पनि पछिल्लो समय निर्वाचन जस्ता राजनीतिक गतिविधिमा मानिसहरू केन्द्रित हुँदा नियमित रक्तदान कार्यक्रमहरू ओझेलमा परेका छन्, जसका कारण सङ्कलनमा आएको गिरावटले अभावलाई अझ चर्काएको छ।”

विराटनगरमा रगतको चरम अभाव देखिएका बेला झापा वा धरान जस्ता छिमेकी सहरबाट रगत मगाएर व्यवस्थापन गर्ने प्रयास गरिएको यादवले बताउनुभयो। सङ्कलन कम भएकाले कुनै एउटा समूहको मात्र नभई सबै समूहका रगत अभाव हुने जोखिम सधैँ कायम रहने उहाँको भनाइ छ। यस समस्याको दीर्घकालीन समाधानका लागि समाजमा ‘नियमित रक्तदान संस्कृति’ को विकास अपरिहार्य रहेको सरोकार भएकाहरू बताउँछन्।

# बुबा मजदुरी गर्न साउदी, नेपालमा छोरी सांसद

**मधु शाही**
काठमाडौँ, ५ चैत (रासस)।

जनकपुरधाम उपमहानगरपालिका-१४ धनुषाकी रुबी कुमारीलाई सानैमा बिहेका प्रस्ताव आउन थाल्यो। आफूलाई भन्दा उहाँका आमाबुबालाई छोरीको बिहे गरिदिन प्रस्ताव गर्दै आफन्त र गाउँलेले दबाब दिन्थे। रुबी सानै भए पनि विद्रोही स्वभावकी हुनुहुन्थ्यो। बालविवाह गरेर छोरीहरूले भोगेका पीडा उहाँले प्रत्यक्ष देख्नुभएको थियो।

त्यसमा पनि चर्को दाइजो प्रथाको सिकार भएका परिवारको अवस्था देख्दा उहाँलाई छटपटी हुन्थ्यो। तर, समाज उस्तै छ। रुबी हुर्किँदै गर्दा बिहेका त्यस्ता प्रस्ताव धेरै आए। यद्यपि रुबीले आमाबुबा समक्ष आफ्नो अडान राखिरहनुभयो, “पहिले देशको सेवा गर्छु अनि मात्र बिहे।” धेरै पटकको प्रतिवादपछि रुबी बालविवाहबाट जोगिनुभयो। सिभिल इञ्जिनियरिङमा अध्ययनरत २५ वर्षिया रुबी हालै समानुपातिक तर्फ प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको छ।

उहाँ श्रम संस्कृति पार्टीबाट निर्वाचित हुनुभएको हो। निर्वाचन आयोगबाट निर्वाचित भएको प्रमाणपत्र लिएपछि उहाँले भावुक हुँदै भन्नुभयो, “मधेसको बालविवाह र दाइजोप्रथा जस्ता कुसंस्कार हटाउनुछ।” उहाँका अनुसार मधेसमा अधिकांश छोरीहरूको १६ वर्ष नपुग्दै बिहे गरिदिने चलन छ। छोराहरू रुँदै मजदुरीका लागि विदेशिन बाध्य छन्। रुबीका बुवा पनि दश वर्षदेखि मजदुरीका लागि साउदीमा हुनुहुन्छ। अब पहिलो काम उहाँ बुबालाई घर फर्काउन चाहनुहुन्छ। “स्वदेशमै रोजगार भए कसलाई विदेशिन मन लाग्छ र ?”, उहाँले भन्नुभयो, “स्वदेशमै रोजगार भए, बुबा विदेशिनु पर्थेन। मेरो बुबा जस्ता धेरै नेपाली विदेशमा छन्। उनीहरूलाई स्वदेशमै फर्काउन चाहन्छु।” कुमारीको अर्को मुद्दा स्वदेशमै युवा रोजगार सिर्जना गर्न आवाज उठाउने रहेको छ।

**संसद्मा सप्तरङ्गी उपस्थीति**

समानुपातिक तर्फ प्रमाणपत्र लिन आउनेमा मधेश प्रदेशकी इञ्जिनियरिङ अध्ययनरत विद्यार्थी रुबीसँगै, पूर्व मिस नेपाल अनुष्का श्रेष्ठदेखि नायिका रिमा विश्वकर्मा समेतको उपस्थिति थियो। समाजको पिँधमा परेका मुस्लिम समुदायका महिलाका अनुहार पनि सांसदका रूपमा देखिएका छन्। टाउकोमा रुमाल बेरेर काखीमा बच्चा च्यापेर समानुपातिक प्रतिनिधि सदस्यको प्रमाणपत्र बुझ्न आउनुभएकी चितवनकी समिना मियाँले भन्नुभयो, “मुस्लिम महिला लजालु स्वभावका छन्, उनीहरूलाई समाजको मूल प्रवाहमा ल्याउन शिक्षा र स्वास्थ्यमा जोड दिनु आवश्यक ठानेकी छु।”

भरतपुर महानगरपालिका-१ की मियाँ रास्वपाको संस्थापक सदस्य हुनुहुन्छ। नर्सिङ पेसामा आबद्ध उहाँले रुपान्तरणका लागि राजनीतिक चेत आवश्यक भएकाले आफुले परिवार, पेसासँगै संसद्मा पुग्न जरुरी ठानेको बताउनुभयो।

त्यसैगरी, नेपाली कम्युनिष्ट पार्टीबाट समानुपातिक प्रतिनिधि सदस्य हुनुभएकी दाङ, घोराहीकी ५० वर्षीया भीमकुमारी बुढामगर जनयुद्धकालदेखि राजनीतिक रूपमा सक्रिय हुनुहुन्थ्यो। उहाँ पहिलो पटक सांसद हुनुभएको हो। मगर पहिरनमा सजिएर प्रमाणपत्र बुझ्दै गर्दा उहाँले गणतन्त्र ल्याउनुमा जसरी आफूले योगदान दिएको हो त्यही ऊर्जा र उत्साह अझै कायम रहेको बताउनुभयो। उहाँले भन्नुभयो, “युवाको बाहुल्यता छ, विश्वास छ राम्रै काम गर्छन्।”

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट समानुपातिक प्रतिनिधिसभा सदस्य हुनुभएकी पद्माकुमारी अर्यालले संसद्मा आफूले जनता र राष्ट्रयका पक्षमा हुने सरकारको कार्यको समर्थन गर्दै विपरीत कार्यको विरोध गर्ने बताउनुभयो। रास्वपाका समानुपातिक प्रतिनिधि सदस्य प्रकाशचन्द्र दर्जीले रास्वपाले घोषणा पत्रमा दलित समुदायमाथि राज्यले गरेको अन्यायको माफी माग्ने वाचा पूरा गर्ने बताउनुभयो।

लामो समयदेखि दलित मुद्दाका विषयलाई लिएर आन्दोलन गरिरहनुभएका नेपाली कम्युनिष्ट पार्टीका तर्फबाट समानुपातिक सांसद बन्नुभएका गणेश विश्वकर्माले संविधानमा उल्लेखित दलित अधिकारका कानुन निर्माणमा आफ्नो निरन्तर प्रयास हुने बताउनुभयो। रास्वपाका तर्फबाट समानुपातिक सांसद बन्नुभएकी सीता वादीले संसद्मा वादी समुदायको प्रतिनिधित्व गर्दै हुनुहुन्छ। “वादी समुदायको बास छैन, गाँस पनि छैन”, उहाँले भन्नुभयो, “संसद्मा वादीको आवाज सुनाउछु जस्ताको तस्तै र उनीहरूको जीवनस्तर उकास्ने प्रयास गर्नेछु।”

गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ मा समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित ११० जना सांसदलाई बिहीबार प्रमाणपत्र वितरण गरिएको हो। निर्वाचन आयोगले केन्द्रीय कार्यालय बहादुर भवनमा आयोजना गरेको कार्यक्रममा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, आयुक्तद्वय डा जानकीकुमारी तुलाधर र सगुनशमशेर जबराले टीका एवं फूलमालाले स्वागत गर्नुभएको थियो।

## विश्व समाचार

### ऊर्जा संरचनामाथि आक्रमणले चर्कियो मध्यपूर्व युद्ध

पेरिस, ५ चैत (रासस/एएफपी)।

मध्यपूर्वमा जारी युद्ध ऊर्जा पूर्वाधारलाई लक्षित आक्रमणसँगै थप गम्भीर मोडमा पुगेको छ। कतारको प्रमुख ग्यास हब रस लाफानमा इरानी आक्रमणपछि लागेको आगो नियन्त्रणमा लिइए पनि तरलीकृत प्राकृतिक ग्यास (एलएनजी) उत्पादनमा व्यापक क्षति पुगेको जनाइएको छ, जसले विश्व ऊर्जा आपूर्तिमा अनिश्चितता थपेको छ। गृह मन्त्रालयका अनुसार नागरिक सुरक्षा टोलीले आगलागी नियन्त्रणमा लिए पनि साइट सुरक्षित बनाउने र चिस्याउने काम जारी छ। यसैबीच, इरानले यस वर्षको सुरुतिर भएको अशान्तिका क्रममा प्रहरी अधिकारीहरूको हत्या गरेको र अमेरिका तथा इजरायलको पक्षमा काम गरेको आरोपमा तीन जनालाई मृत्युदण्ड दिएको जनाएको छ। उता, कतारले आक्रमणको प्रतिक्रियास्वरूप केही इरानी कूटनीतिज्ञलाई २४ घण्टाभित्र देश छोड्न आदेश दिएको छ।

द्वन्द्वको तनाव थप चर्किँदै जाँदा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले कतारको ग्यास पूर्वाधारमा थप आक्रमण भए इरानको विशाल दक्षिण पार्स ग्यास क्षेत्र नै ध्वस्त पार्ने चेतावनी दिनुभएको छ। ट्रम्पले इजरायलले सो क्षेत्रमा आक्रमण गरेको पुष्टि गरे पनि अमेरिकालाई त्यसबारे जानकारी नभएको दाबी गर्नुभएको छ। यता, इरानले पनि आफ्नो ऊर्जा पूर्वाधारमा थप आक्रमण भए खाडी क्षेत्रका तेल र ग्यास उद्योग पूर्ण रूपमा नष्ट गर्ने चेतावनी दिएको छ। क्षेत्रीय शक्तिहरू पनि क्रमशः सक्रिय बन्दै गएका छन्। साउदी अरेबियाले इरानबाट भइरहेका मिसाइल र ड्रोन आक्रमणको जवाफमा आवश्यक परे सैन्य कारबाही गर्न पछि नहट्ने जनाएको छ। संयुक्त अरब इमिरेट्सले मिसाइल अवरोधका क्रममा खसेको भग्नावशेषका कारण आफ्ना केही ग्यास सुविधा बन्द गर्नुपरेको बताएको छ। यसै क्रममा होर्मुज जलडमरू नजिकै एक जहाजमा प्रक्षेप्य लाग्दा आगलागी भएको खबर आएको छ, जसले अन्तर्राष्ट्रिय जलमार्गको सुरक्षामा चिन्ता बढाएको छ। युद्धको प्रभाव हवाई सेवामा पनि परेको छ। हङकङस्थित क्याथे प्यासिफिकले दुबई र रियादका उडानहरू अप्रिल अन्त्यसम्म स्थगित गर्ने निर्णय गरेको छ। फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले ऊर्जा र पानीजस्ता नागरिक पूर्वाधारमाथि आक्रमण रोक्न तत्काल कदम चाल्न आग्रह गर्दै सम्बन्धित पक्षहरूसँग छलफल गर्नुभएको जानकारी दिनुभएको छ। स्थलस्थितिमा पनि हिंसा जारी छ। इजरायलमा इरानी मिसाइल आक्रमणका क्रममा एक जनाको मृत्यु भएको पुष्टि भएसँगै मृतक सङ्ख्या १५ पुगेको छ। वेस्ट बैंकमा मिसाइलको भग्नावशेष खस्दा तीन प्यालेस्टिनी महिलाको ज्यान गएको छ भने अन्य केही घाइते भएका छन्, जसमा एकको अवस्था गम्भीर रहेको बताइएको छ। यो द्वन्द्वमा प्यालेस्टिनीहरूको मृत्यु भएको पहिलो घटना मानिएको छ।

इराकमा इरान समर्थक कातेब हिजबुल्लाह समूहले केही सर्तसहित अमेरिकी दूतावासमाथि आक्रमण पाँच दिनका लागि रोकेको जनाएको छ। उता, कुवेतले हिजबुल्लाहसँग सम्बद्ध १० जनालाई महत्त्वपूर्ण पूर्वाधारमा आक्रमणको षड्यन्त्र गरेको आरोपमा पक्राउ गरेको छ। युद्धका क्रममा इजरायलले वरिष्ठ इरानी अधिकारीहरूलाई लक्षित आक्रमण जारी राख्ने जनाएको छ। इरानी गुप्तचर मन्त्री इस्माइल खातिबको हत्या भएको दाबी गर्दै इजरायली सेनाले यस्तो अभियान नरोकिने स्पष्ट पारेको छ। यसै सन्दर्भमा इरानका सर्वोच्च नेता मोजताबा खामेनीले आक्रमणमा संलग्न पक्षले यसको मूल्य चुकाउनुपर्ने चेतावनी दिनुभएको छ। यसबीच, साउदी राजधानी रियादमा फेरि विस्फोट सुनिएको छ भने रक्षा मन्त्रालयले ग्यास प्लान्टतर्फ गइरहेको ड्रोन नष्ट गरिएको जनाएको छ। युद्धकै प्रभावस्वरूप अमेरिकी फेडरल रिजर्भले आर्थिक अनिश्चितता बढेको उल्लेख गर्दै मुद्रास्फीतिको अनुमान बढाएको छ र ब्याजदर यथावत राखेको छ, जसले द्वन्द्वको विश्व अर्थतन्त्रमा पर्ने प्रभाव थप प्रस्ट पारेको छ।

### इरान-कतार ऊर्जा तनावमा ट्रम्पको कडा चेतावनी

दोहा, ५ चैत (रासस/एएफपी)।

मध्यपूर्वमा झन्डै तीन सातादेखि जारी युद्धले ऊर्जा सुरक्षामाथि गम्भीर असर पारिरहेको बेला अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानलाई लक्षित गर्दै कडा चेतावनी दिनुभएको छ। उहाँले यदि तेहरानले कतारका ऊर्जा पूर्वाधारमा आक्रमण जारी राखेमा, संयुक्त राज्य अमेरिकाले इरानको विशाल दक्षिण पार्स ग्यास क्षेत्रलाई व्यापक रूपमा ध्वस्त पार्ने चेतावनी दिनुभयो। हालैका आक्रमणहरूपछि विश्व बजारमा कच्चा तेलको मूल्य झण्डै पाँच प्रतिशतले बढेको छ, जसले आपूर्ति शृङ्खला दीर्घकालीन रूपमा प्रभावित हुन सक्ने चिन्ता बढाएको छ। इरानले कतारको रास लाफान एलएनजी केन्द्रसहित खाडी क्षेत्रका ऊर्जा संरचनामा शृङ्खलाबद्ध आक्रमण गरेको बताइएको छ, जुन इजरायलले दक्षिण पार्स क्षेत्रमा गरेको आक्रमणको प्रतिकारका रूपमा भएको जनाइएको छ।

सामाजिक सञ्जालमार्फत ट्रम्पले इरानलाई आक्रमण रोक्न आग्रह गर्नुभएको छ। उहाँले इरानले कतारमाथि आक्रमण रोकेमा इजरायलबाट थप आक्रमण नहुने दाबी गर्नुभयो, साथै दक्षिण पार्समा इजरायलको अघिल्लो आक्रमणबारे अमेरिकालाई जानकारी नभएको उल्लेख गर्नुभयो। तर चेतावनी दिँदै उहाँले इरानले अटेर गरे संयुक्त राज्य अमेरिकाले प्रत्यक्ष हस्तक्षेप गर्ने बताउनुभयो। यसैबीच, होर्मुज जलडमरूमध्य हुँदै हुने तेल ढुवानीमा अवरोध उत्पन्न भएपछि ऊर्जा बजार थप अस्थिर बनेको छ। अमेरिकी-इजरायली आक्रमणपछि इरानमा हजारौँको ज्यान गएको अनुमान छ, तर तेहरानले अझै पनि मिसाइल र ड्रोन आक्रमण जारी राखेको छ। कतारको ऊर्जा कम्पनीका अनुसार रास लाफान क्षेत्रमा इरानी मिसाइल प्रहारपछि लागेको आगो नियन्त्रणमा लिइएको छ। उता साउदी अरेबियाले आफ्नो ऊर्जा पूर्वाधारमाथि ड्रोन आक्रमणको प्रयास विफल पारेपछि आवश्यक परे सैन्य प्रतिक्रिया दिने जनाएको छ।

द्वन्द्वको मानवीय असर पनि बढ्दो छ। इजरायलमा इरानी क्षेप्यास्त्र प्रहारबाट एक विदेशी कामदारसहित मृत्यु हुनेको सङ्ख्या १५ पुगेको छ भने वेस्ट बैंकमा पनि मिसाइलका अवशेषले तीन महिलाको ज्यान लिएको छ। इरानमा उच्च तहका सुरक्षा अधिकारीहरूको हत्या क्रम जारी छ। गुप्तचर प्रमुखको हत्या भएपछि इरानी नेतृत्वले कडा प्रतिक्रिया जनाउँदै प्रतिशोधको चेतावनी दिएको छ। नयाँ सर्वोच्च नेतृत्वले ‘रगतको मूल्य तिर्नुपर्छ’ भन्दै आक्रोश व्यक्त गरेको छ।

# डेङ्गु नियन्त्रणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्न निर्देशन

काठमाडौँ, ५ चैत (रासस)।

सरकारले यसवर्ष पनि गर्मीयाम सुरुसँगै डेङ्गुको उच्च जोखिम भएका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालले डेङ्गु सङ्क्रमण नियन्त्रण तथा रोकथामका लागि स्थानीय तहलाई सचेतना कार्यक्रम गर्न निर्देशन दिइएको बताउनुभयो।

"सचेतना कार्यक्रमले डेङ्गु सङ्क्रमण घट्दै गएको पाइएको छ," उहाँले भन्नुभयो, "गर्मी सुरुसँगै डेङ्गु सङ्क्रमण जोखिम रहेका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइसकेका छौँ।"

**पाँच गुणाले घट्यो सङ्क्रमण**

महाशाखाका अनुसार अघिल्ला वर्षको तुलनामा गतवर्ष डेङ्गु सङ्क्रमण पाँच गुणा घटेको पाइएको छ। सन् २०२४ को अनुपातमा सन् २०२५ मा पाँच गुणा डेङ्गु सङ्क्रमण घटेको छ। सन् २०२४ मा ४१ हजार ८६५ जनामा डेङ्गु सङ्क्रमण देखिएको थियो भने सन् २०२५ मा त्यसको करिब पाँच गुणा कम आठ हजार ५७६ जनामा डेङ्गु सङ्क्रमण देखिएको थियो।

शाखा प्रमुख डा दाहालले सरकारको डेङ्गु सङ्क्रमणविरुद्ध सञ्चालन गरेको अभियानले गर्दा घटेको बताउनुभयो। "डेङ्गु सङ्क्रमण फैलिन नदिनका लागि डेङ्गु सार्ने लामखुट्टेको लार्भा नष्ट गर्ने अभियानमा सबैका सहयोगभयो", उहाँले भन्नुभयो, "जसले गर्दा डेङ्गु सङ्क्रमण सार्ने लामखुट्टे फैलिन पाएन र डङ्गु सङ्क्रमण कम भयो।"

सरकारले प्रत्येक शुक्रबार सरकारी कार्यालयमा डेङ्गु सङ्क्रमण सार्ने लार्भा खोज र नष्ट गरे अभियान सञ्चालन गरेको थियो। शाखाका प्रमुख डा दाहालले समुदायको पहलमा नै डेङ्गु सङ्क्रमण नियन्त्रण तथा रोकथाम गर्न सकिएको बताउनुभयो। उहाँले प्रत्येक वर्ष डेङ्गु सङ्क्रमण कम हुँदै गएको बताउनुभयो।

उहाँका अनुसार सन् २०२३ मा ५२ हजार ७७० जना, सन् २०२२ मा ५४ हजार ७८४ जनामा डङ्गु सङ्क्रमण देखिएको थियो। यस्तै गत असारदेखि भदौसम्म एक हजार युवा परिचालन गरेर डङ्गु सार्ने लामखुट्टे नियन्त्रण र जनस्तरमा सचेतना कार्यक्रम सञ्चालन गरेको थियो।

यसवर्ष पनि गर्मीयाम सुरुसँगै डङ्गुको उच्च जोखिम भएका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइसकेको उहाँले जानकारी दिनुभयो। पानी जम्ने सफा ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिक्टस प्रजातिको लामखुट्टेले फुल पार्दछ। ती फूलबाट लार्भा निस्कन्छ। त्यही लार्भा वयस्क भएर मानिसलाई टोकेपछि डेङ्गु रोग लाग्दछ।

# केन्द्रीय कारागारबाट भागेका एकहजार बढी कैदीबन्दी अझै फरार

काठमाडौँ, ५ चैत (रासस)।

जेनजी आन्दोलनमा केन्द्रीय कारागार सुन्धाराबाट भागेका एक हजार बढी कैदीबन्दी अझै फरार छन्।

केन्द्रीय कारागार कार्यालयका सूचना अधिकारी बैकुण्ठ रेग्मीले जेनजी आन्दोलनका क्रममा भागेका कैदीबन्दीमध्ये एक हजार २०० हाराहारीमा कैदीबन्दी अझै फरार रहेको जानकारी दिनुभयो। "भदौ २४ गते बिहानसम्म केन्द्रीय कारागारमा तीन हजार ८८० कैदीबन्दी थिए, जेनजी आन्दोलनका क्रममा तीन हजार ५१७ कैदीबन्दी भागेका थिए। तीमध्ये अधिकाशं कैदीबन्दी फिर्ता भए, हाल एक हजार २०० कैदीबन्दी अझै फरार छन्," उहाँले भन्नुभयो।

हाल केन्द्रीय कारागारमा तीन हजार ३१३ कैदीबन्दी छन्। जसमध्ये एक हजार ९२० कैदी, एक हजार ४९३ थुनुवा छन्। केन्द्रीय जेलमा एक हजार ७४९, भद्र जेलमा एक हजार २५० र महिला जेलमा ३१४ कैदीबन्दी रहेको सूचना अधिकारी रेग्मीले बताउनुभयो।

केन्द्रीय कारागारमा जेनजी आन्दोलनका क्रममा सामान्य क्षति भएको थियो। कारागारभित्र रहेका पाँचवटै भवन सुरक्षित भएकाले पुनः कैदीबन्दीलाई फर्काउन सहज भएको कारागार प्रशासनले जनाएको छ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख बिभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
राजविराज

मितिः २०८२/१२/०५

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना।**

रैती नं. १०५ सिरीलाल राउतको नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे लालपुरको सा.कि.नं. ६१३ को ज.वि. ०-११-१ र रैती नं. १२ पारसवती चौधराईनीको नाममा दर्ता रहेको साविक प्रगन्ना मालझमुना मौजे लालपुरको सा.कि.नं. २५० को ज.वि. ०-१२-७ मध्ये ०-३-१७ जग्गा हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. बनौली वडा नं. ३ हाल परिवर्तित खडक न.पा. वडा नं. ११ बस्ने रमाकान्त यादवको यस कार्यालयमा द.नं. १४७५७ मिति २०८२/०९/२४ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८२/१२/०४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकहरुको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**तपसिल**

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ६१३ | बनौली | ७क | २०६ | ०-१०-१७.५ | सिरी लाल राउत | फिल्डबुक को जग्गाधनी महल, किसान महल खालि रहेको र कैफियत महलमा यो जग्गा पं. बनौली वडा नं. ३ वस्ने श्री लाल यादवको नम्बरी हो भनि जनिएको। |
| २५० | बनौली | ८ख | ५९ | ०-४-१.५ | । | |

# पर्सामा एक महिनामा आमाको नामबाट ३३ नागरिकता जारी

पर्सा, ५ चैत (रासस)।

जिल्ला प्रशासन कार्यालयले फागुन ५गतेदेखि बिहीबारसम्म आमाको नामबाट ३३ नागरिकता जारी गरेको छ।

कार्यालयले नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ मन्त्रिपरिषद्बाट स्वीकृत भएर राजपत्रमा प्रकाशन भएसँगै बुबाको पहिचान नखुलेकाको हकमा आमाको नामबाट नागरिकता प्रदान गर्ने नागरिकता ऐन, २०६३ को प्रावधान कार्यान्वयनमा आएसँगै वितरण गर्न थालिएको हो।

कार्यालयले नागरिकता ऐन र नागरिकता नियमावली, २०८२ को मापदण्ड पुगेका नागरिकताविहीन नागरिकलाई नागरिकता प्रदान गरेको हो। कार्यालयले गत फागुन ५ गतेदेखि तोकिएको कागजात र मापदण्ड पुगेका नागरिकलाई आमाको नामबाट नागरिकता दिन थालेको हो।

पर्साको वीरगञ्ज महानगर-११ का विजयकुमार साहले आमाको नामबाट नागरिकता पाएपछि आफूलाई धेरै सहज भएको बताउनुभयो। "नागरिकता बनाउनका लागि धेरै वर्ष भौँतारिँदै हिँड्नुपर्‍यो," उहाँले भन्नुभयो, "आमाको नामबाट नागरिकता पाएसँगै अब विभिन्न खालका प्रशासनिक झन्झटबाट मुक्त भएका छौँ।"

वीरगञ्ज महानगर-१३ का जुबैर अन्सारी पनि लामो सङ्घर्षपछि नागरिकता प्राप्त गर्दा पनि ठूलै उपलब्धि हासिल गरेको अनुभव गरेको बताउनुभयो। "नागरिकताविहीन हुनुको पीडा निकै सकस लाग्दो हुनेरैछ," उहाँले भन्नुभयो, "आमाकै नामबाट नागरिकता पाएपछि अहिले निकै हर्षित भएको छु।" पर्साका सहायक प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले नेपाल नागरिकता (चौथो संशोधन) नियमावली, २०८२ मन्त्रिपरिषद्बाट स्वीकृत गरी राजपत्रमा प्रकाशन भएपछि आवश्यक मापदण्ड र कागजात पुगेका नागरिकलाई आमाको नामबाट नागरिकता दिन थालेको बताउनुभयो। "नेपाल नागरिकता नियमावली, २०८२ ले तोकेको मापदण्ड पुगेका नागरिकलाई नागरिकता दिन थालेका छौँ," उहाँले भन्नुभयो, "नागरिकताविहीन भई आफ्नो अधिकारबाट वञ्चित भएका नागरिकहरूलाई ठूलो राहत भएको अनुभूति गरेका छौँ।"

# विदेशी खेलाडीले श्रम स्वीकृति लिएर मात्र खेल्न पाउने

काठमाडौँ, ५ चैत (रासस)।

अध्यागमन विभागले अखिल नेपाल फुटबल सङ्घ (एन्फा) लाई कुनै पनि खेलमा विदेशी खेलाडीलाई समावेश गराउँदा कार्य सहमति र श्रम स्वीकृति लिएर मात्र सहभागी गराउन अनुरोध छ।

अध्यागमन विभागले बिहीबार प्रेस विज्ञप्ति सार्वजनिक गर्दै एन्फाबाट सञ्चालित राष्ट्रिय महिला/पुरुष लिग फुटबल प्रतियोगितामा सहभागी भएका फुटबल क्लबहरूले पर्यटक भिसा लिएका विभिन्न मुलुकका विदेशी खेलाडीहरूलाई समावेश नगराउन आग्रह गरेको हो।

एन्फाबाट सञ्चालन भएको राष्ट्रिय महिला/पुरुष लिग फुटबल खेलमा सहभागी भएका फुटबल क्लबहरूले पर्यटक भिसा लिएका विभिन्न मुलुकका विदेशी खेलाडीलाई समेत समावेश गरेको भन्ने व्यहोराको उजुरी यस विभागमा प्राप्त हुन आएको छ। तसर्थ कुनै पनि खेलमा विदेशी खेलाडीहरूलाई समावेश गराउनुपर्ने भएमा नियमानुसार कार्य सहमति र श्रम स्वीकृति लिएर मात्र सहभागी गराउनुहुन अनुरोध छ विज्ञप्तिमा उल्लेख गरेको छ।

विभागले यस विषयमा बिहीवारदेखि अनुगमन प्रारम्भ गरेको समेत जनाएको छ। स्वीकृति नलिएका विदेशी खेलाडीहरू भिसाको उद्देश्य विपरीत कुनै पनि खेलमा सहभागी भएको पाएमा तत्काल कारबाही अगाडि बढाइने विज्ञप्तिमा जनाएको छ।

सूचना! सूचना!! सूचना!!!

इम्प्याक्ट नेपाल प्राथमिक कान उपचार केन्द्र, राजविराजले सम्पूर्ण उपचार सेवाहरू यही मिति २०८२।१०।१२ (26-01-2026) गतेदेखि गीता पेट्रोल पम्प अगाडीको आफ्नै नयाँ भवन इम्प्याक्ट नेपाल ठाको देवी जोगेन्द्र भगत कान उपचार केन्द्र राजविराजबाट अति अत्याधुनिक प्रविधिबाट सुविधा सहित सम्पूर्ण सेवाहरु उपलब्ध गराउने भएको सहर्ष जानकारी गराउँदछौं।



हाम्रो सेवाहरू:
१. दैनिक कान जाँच तथा उपचार
२. विभिन्न आधुनिक मेसिनबाट कानको परिक्षण (PTA, Tympanogram, EUM)
३. कानको सुन्ने मेसिन (Hearing Aid)
४. इन्डोस्कोपी (Endoscopy)
५. कानको शल्यक्रिया (Operation)
६. फार्मेसी सेवा

सम्पर्क : ०३१-५९०००५
९८०४७४२२८०, ९८४२२७०७२४

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np